सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली ज्यू, मिति : २०७८/०३/२७
प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं ।

विषय : द्वन्द्व पीडितको न्याय प्रतिको उत्तरदायित्वबोध गर्न र विश्वसनीय संक्रमणकालीन न्याय प्रक्रिया अवलम्बन गर्न जोडदार माग ।

सम्माननीय प्रधानमन्त्री ज्यू,

शान्ति प्रक्रियाको अभिन्न अङ्गको रुपमा रहेको द्वन्द्व कालमा द्वन्द्वरत पक्षहरुद्धारा गरिएका मानव अधिकार उल्लंघनका पीडितलाई सत्य, न्याय र परिपूरण प्रदान गर्ने र भविष्यमा राजनीतिका नाममा त्यसप्रकारका मानव अधिकार उल्लंघन नहुने सुनिश्चित गर्ने दायित्व प्रति शान्ति सम्झौताको १५ वर्ष सम्म पनि प्रधानमन्त्री स्वयम् एवम् समग्र सरकार संबेदनशील, इमान्दार र जवाफदेही नभएको प्रति पीडित समुदाय सम्माननीय प्रधानमन्त्रीज्यूको पुनःगम्भीर ध्यानाकर्षण गराउदछौं ।२ वर्षको लागि बनाइएका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगले ६/६वर्षको महत्वपूर्ण अवधि व्यतित गर्दा समेत पीडितको पक्षमा एउटा सिन्को समेत नभांच्नु असाध्यै गैर जिम्मेवार, लज्जाजनक, असंवेदनशील र अनैतिक काम हो । उल्टो पीडितको पीडालाई राजनीतिक सौदाबाजीको विषय बनाईनु अत्यन्त आपत्ति जनक कार्य हो ।

अन्तरार्ष्ट्रिय मञ्चहरुमा वर्षौंदेखि प्रतिवद्धता जाहेर गर्नु तर सर्वोच्च अदालतको फैसला आएको ६/६ वर्षसम्म पनि माफी प्रधान ऐन संशोधन नगर्नु र देखावटी प्रक्रिया देखाएर आयोगलाई दलीय कार्यकताको भर्ती केन्द्र बनाइनु कदापि स्वीकार्य छैन। एकजना पीडितले पनि विश्वास नगरेको र ६ वर्षको अवधिले असफलभएको प्रमाणित गरिसकेका यीनि यन्त्रित आयोगहरुको फेरि पनि यथास्थितिमै म्याद थप्ने प्रयास सरकारको गैर जवाफ देहीता हो र जनताको करबाट सञ्चित राज्यको साधन श्रोतको चरम दुरुपयोग हो । कोरोना, भुकम्प त बहानाबाजी मात्र हुन् । देखाउनका लागि दलियस्वार्थमा गठित सत्य निरुपण र बेपत्ता ब्यक्ती छानबिन आयोग पीडितका पक्षमा काम नगनैका लागि बनाइएको स्पष्ट छ । त्यसैले ६/६ वर्ष सम्म पनि दलीय स्वार्थमा ल्याइएको माफीप्रधान ऐन संशोधन संशोधन गर्न आलटाल गरिएको छ । कोरोना महामारीमा समेत सरकार र आयोगले पीडित समुदायलाई राहत दिने तर्फ कुनै पहल गरेनन् ।

पीडित समुदायका वर्षौंदेखिका सरोकारहरुको बिल्कुल उपेक्षा गरी दलीय स्वार्थका कठपुतली आयोगको म्याद अध्यादेशको सहारा लिएर आफु खुशी थप्दै गइएको प्रतिआम पीडित समुदाय गम्भीर आपत्ति र असहमति व्यक्त गर्दछौं । तसर्थ, पीडित समुदायको पीडा र आसुमाथिको सौदा बाजी बन्द गर्न, बलिया पीडकको उन्मुक्तिको पक्षमा होइन असहाय पीडित नागरिकहरुप्रति सरकारको दायित्वबोध गर्न र पीडित समुदायको न्याय सुनिश्चित गर्न तपशील बमोजिमका विश्वसनीय कदमहरु चाल्नका लागि हामी पीडित समुदाय सम्माननीय प्रधानमन्त्री ज्यू समक्ष पुनःजोडदार माग गर्दछौं ।

१. पीडित समुदायले विश्वास नगरेको, ६.५ वर्ष सम्ममा पनि कुनै ठोस परिणाम दिन नसकेको सरकार र राजनैतिक दल नियन्त्रित विद्यमान् देखावटी प्रक्रियाको पुनरावलोकन गरी संक्रमणकालीन न्यायको समय सीमा सहितको स्पष्ट कार्य योजना बनाउन ।
२. पीडित समुदायको अर्थपूर्ण परामर्श र सर्वोच्च अदालतका परामादेश र अन्तरार्ष्ट्रिय मानव अधिकार कानुनहरुमा राज्यको दायित्व बमोजिम संक्रमणकालीन न्याय सम्वन्धि कानुन संशोधन गर्न एवं आवश्यक कानुन निर्माण गर्न । सर्वोच्च अदालतको २०७० पौष १८को परमादेश बमोजिम मस्यौदा कार्यदल मस्यौदा तयार पारी ऐन संशोधन गर्न ।
३. द्वन्द्वपीडितको परिपूरण अधिकार कानुनी रुपमा सुनिश्चित गर्न, पीडित समुदायको सहकार्यमा विस्तृत परिपूरण नीति निर्माण गर्न र संघीय, प्रदेश र स्थानीय सरकारको आपसी सहकार्यमा दीर्घकालीन, सम्मानपूर्ण, सुविधाजनक र सर्वसुलभ परिपूरण नीति कार्यान्वयन गर्न ।
४. विश्वसनीय रुपमा ऐन संशोधन पश्चात स्पष्ट मापदण्ड, पारदर्शी तथा बिश्वसनीय प्रक्रियाबाट दक्षता, अनुभव र स्पष्ट मार्ग चित्र भएका व्यक्तिहरु छनौट गरी सक्षम, बिश्वसनीय र स्वतन्त्र आयोगहरुको

गठन गर्न । समग्र प्रक्रियामा पीडित केन्द्रित र लैगिंकमैत्री कार्यप्रणाली अवलम्वन गर्ने व्यवस्था मिलाउन ।

५. उक्त आयोगहरुलाई आवश्यक साधन-श्रोत, बिज्ञ र जनशक्ति तत्काल उपलब्ध गराउन, आयोगलाई आवश्यक पर्ने विज्ञ तथा दक्ष जनशक्ति आफैं व्यवस्था गर्न सक्ने व्यवस्था गर्न एवं आयोगहरुलाई विना हस्तक्षेप, विना अवरोध स्वतन्त्र रुपमा काम गर्ने वातावरणको निर्माण गर्न ।

६. सार्वजनिक पद र सुरक्षा निकायमा नियुक्ति, पदोन्नति तथा निर्वाचनमा भोटिङ प्रक्रिया लागू गर्न ।

अन्त्यमा, द्वन्द्वकालमा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरुबाट पीडित नागरिकहरुको सत्य, न्याय र परिपुरण अधिकार प्रति पछिल्ला दिनहरुमा नागरिक समाज, सञ्चार माध्यम एवम् अन्तरार्ष्ट्रिय समुदायको मौनता बढ्दै गएको प्रति दुःख व्यक्त गर्दै अन्याय र पीडामा पिल्सिरहेका द्वन्द्व पीडितको न्यायको अधिकार प्रतिको भुमिका सक्रियाताका साथ निर्वाह गर्न समग्र नियमन निकाय, राजनीतिक दल, नागरिक समाज, सञ्चार माध्यम एवम् अन्तरार्ष्ट्रिय समुदाय प्रति हार्दिक अपील गर्दछौं ।

## अभियान कर्ता द्वन्द्व पीडित संवद्ध संघ संस्थाहरु

| | |
|---|---|
| १. द्वन्द्व पीडित साझा चौतारी | २. द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल |
| ३. द्वन्द्व पीडित महिला राष्ट्रिय संजाल | ४. अपाङ्गता भएका द्वन्द्व पीडितहरुको राष्ट्रिय संजाल |
| ५. द्वन्द्व पीडित टुहुरा समाज | ६. न्यायका लागि द्वन्द्व पीडित समाज |
| ७. द्वन्द्व पीडित समिति, बर्दिया | ८. बेपत्ता परिवार समाज (नेफाड) |
| ९. नेपाल माओवादी पीडित संघ | १०. द्वन्द्व पीडित कृषक हकहित संरक्षण समाज, कैलाली |
| ११. अपाङ्ग पीडित संघर्ष संघ, दोलखा | १२. द्वन्द्व प्रभावित व्यक्तिहरुको सरोकार समाज, दाङ्ग |
| १३. बाँदरमुढे घटना पीडित समिति | १४. द्वन्द्व पीडित शिक्षक समाज |
| १५. द्वन्द्व पीडित स्व-रोजगार तालिम केन्द्र नेपाल | १६. द्वन्द्व पीडित राष्ट्रिय समाज |
| १७. द्वन्द्व व्यवस्थापन र विस्थापित सरोकार केन्द्र | १८. द्वन्द पीडित अधिकार मंच, म्याग्दी |
| १९. गुरु लुइटेल अध्ययन र विकास केन्द्र | २०. मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठान |
| २१. मैना बाल बिकास समिति, | २२. रीना अर्पन स्मृति प्रतिष्ठान |
| २३. गणेश उज्जन (भुवन) स्मृती प्रतिष्ठान | २४. भैरव स्मृती प्रतिष्ठान, गोरखा |
| २५. लक्ष्मी आचार्य स्मृती कोष, जाजरकोट | २६. शहिद बशिष्ठ कोइराला (सुरेशचन्द्र) स्मृती प्रतिष्ठान |
| २७. मणिलाल स्मृती प्रतिष्ठान, म्याग्दी | २८. नन्दलाल कोइराला स्मृती प्रतिष्ठान, गोरखा |
| २९. रा. सि. प. स्मृती प्रतिष्ठान, अर्घाखाची | ३०. द्वन्द्व पीडित महिला सञ्जाल, बाँके |
| ३१. शिव प्रसाद भट्ट स्मारिका, गोरखा | ३२. शहीद जय बहादुर रावल स्मृती प्रतिष्ठान, जाजरकोट |
| ३३. शहीद टिकाराज आरन स्मृती प्रतिष्ठान, रामेछाप | ३४. हरि भक्तस्मृती प्रतिष्ठान, रुकुम |
| ३५. शहीद र बेपत्ता योद्धा बालबालिका प्रतिष्ठान | ३६. शहीद दशरथ ठाकुर स्मृती कोष, राजबिराज |
| ३७. भूपेन्द्र स्मृती प्रतिष्ठान नेपाल | ३८. शहीद अजब लाल यादव स्मृती प्रतिष्ठान, धनुषा |
| ३९. भूपेन्द्र स्मृति प्रतिष्ठान नेपाल, बाँके | ४०. मानव अधिकारका लागि महिला, एकल महिला समूह, सुर्खेत |
| ४१. न्यायका लागि द्वन्द्व पीडित समाज, सुर्खेत | |

| | | | |
|---|---|---|---|
| मैना कार्की | गोपाल ब.शाह | सृजना श्रेष्ठ | सुरेन्द्र खत्री |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| द्वन्द्व पिडित साझा चौतारी | द्वन्द्व पिडित राष्ट्रिय संजाल | द्वन्द्व पिडित महिला राष्ट्रिय संजाल | अपाङ्गता भएका द्वन्द्व पिडितको राष्ट्रिय संजाल |